# पाणिनी गाउँपालिका
Panini Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

W744 QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प.सं./Letter No.: ०७९/०८०
च.नं./Ref. No.: ७९८

पाणिनी गाउँपालिका
कार्यपालिकाको कार्यालय
दुर्गाफाँट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

मितिः२०७९।११।०१

**श्री वडा कार्यालय (सबै )**
**पाणिनि गाँउपालिका ।**

**बिषयः सूचना टाँस गरीदिने सम्बन्धमा ।**

प्रस्तुत बिषयका सम्बन्धमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) बाट चं. न.३३५ मिति २०७९।१०।२३ गतेको प्राप्त पत्रानुसार न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना यसै पत्र साथ पठाइएको छ । उक्त सूचना तँहा वडा कार्यालयको सुचना पार्टीमा टाँस गरी र अन्य तरिकाले समेत सूचना सम्प्रेषण गरी निवेदन दिन आउने बेरोजगार व्यक्तिहरुलाई आवश्यक सहयोग गरी सत्य तथ्य विवरण सहितको फारम भराई आवश्यक समन्वय गरिदिनुहुनको लागि अनुरोध छ ।

.................................
(हुमलाल भुसाल)
प्रमुख प्रशासकीय अधिकृत

पाणिनी गाउँपालिका
Panini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
W744 QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं./Letter No.: ०७९/०८०
च.नं./Ref. No.:

मिति: २०७९।११।०१

## न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली , २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५( पहिलो संसोधन २०७७) को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८०/०८१ मा पाणिनी गाँउपालिकाको समन्वयमा रोजगार सेवा केन्द्र मार्फत प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले **२०७९ फागुन महिना** भित्रमा आफुले स्थायी बसोबास गरेको पाणिनी गाँउपालीकाको सम्बन्धित वडा कार्यालयमा गई बेरोजगार व्याक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनु हुन यो सुचना प्रकाशन गरिएको छ ।

**न्युनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्डः**

- १८ वर्ष देखी ५९ वर्ष उमेर समुहको ।
- स्वरोजगारमा संलग्न नभएको र नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक बराबरको आय(वार्षिक ५७७००) भन्दा कम आय भएको ।
- यथार्थपरक र पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन इच्छुक रहेको ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१) निवेदकको नागरिकताको फोटोकपी १ प्रति ।

२) निवेदकको पासपोर्ट साईजको फोटो १ प्रति ।

३) सबै परिवारको सदस्यको परिचय खुल्ने गरी भरेको फारम १ प्रति।

**(पुनश्चः निवेदनमा माग गरिएका सम्पुर्ण विवरण अनिवार्य रुपमा भर्नुपर्नेछ। पूर्ण रुपमा नभरेको फाराम रोजगार सेवा केन्द्र सूचिकृत गर्न बाध्य हुने छैन।)**

**नोटः थप जानकारीको लागि ९८४७००८१५८ मा सम्पर्क गर्न सकिनेछ।**

..................
(हुमलाल भुसाल)
प्रमुख प्रशासकीय अधिकृत